म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २८८ शुक्रबार १३ जेठ २०७९ ने. सं. ११४२ वछलाथ्व 27 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गणेश थापाले दिए उजुरी

हेटौंडा १२, जेठ/ अखिल नेपाल फुटलब संघ (एन्फा)का पूर्वअध्यक्ष गणेश थापाले आफ्नो चरित्र हत्या भएको भन्दै राष्ट्रिय खेलकुद परिषद्मा उजुरी दिएका छन् ।

हेटौंडेली थापाले एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाबिरुद्ध राखेपमा उजुरी हालेका हुन् । उनले शेर्पाले आफ्नो चरित्र हत्या गरेको आरोप लगाएका छन् । थापाले राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य सचिव टंकलाल घिसिङलाई उजुरी दिएका हुन् । शेर्पाले आफूबिरुद्ध विभिन्न आरोप लगाएर भ्रम सृजना गरेको थापाले आरोप लगाएका छन् । थापा विश्व फुटबलको सर्वोच्च निकाय फिफाबाट फुटबल क्षेत्रमा १० वर्षका लागि प्रतिबन्धमा छन् । उनले एन्फामा रहँदा आर्थिक अनियमितता गरेको भन्दै फिफाले उनलाई फुटबल क्षेत्रमा गतिविधि गर्न प्रतिबन्ध लगाएको हो । केही दिनअघिमात्रै थापालाई फुटबल क्षेत्रमा गतिविधि नबढाउन फिफाले पुनः चेतावनी दिइएको थियो । यसअघि शेर्पाले आफूलाई लगाएको १४ आरोप सार्वजनिक गर्दै थापाले पत्रकार सम्मेलन गरेर प्रमाणित गर्न चुनौती दिएका थिए ।

# बजेटको चटारोमा प्रदेश र स्थानीय सरकार

साझाकुरा संवाददाता




हेटौंडा, १२ जेठ/ आगामी आर्थिक वर्ष २०७९/०८० का लागि नीति तथा कार्यक्रम र बजेट ल्याउन बागमती प्रदेश र मकवानपुरका स्थानीय तह चटारोमा छन् ।

बागमतीको आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशका मन्त्रालयहरुलाई सिलिङ पठाइसकेको छ । मन्त्रालयहरु बजेटको तयारीमा जुटेका छन् । कृषि तथा पशुपन्छी विकासलगायत मन्त्रालयले आन्तरिकरुपमा बजेटको तयारीका लागि सुझाव माग गर्दै आएका छन् । चालु आव ०७८/०७९ मा प्रदेश सरकारले ५७ अर्ब ७७ करोड ६४ लाख २७ हजार रुपियाँको बजेट ल्याएको थियो । बागमती सरकारले नीति तथा कार्यक्रम १६ जेठमा ल्याउँदै छ । प्रदेशसभा सचिवालयमा बिहीवार बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा नीति तथा कार्यक्रम १६ जेठमा ल्याउने सहमति भएको हो ।

१६ जेठ दिउँसो २ बजे बस्ने बैठकमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रदेश सरकारको आव २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्नेछन् । सोही दिनको दोस्रो बैठकमा मुख्यमन्त्री राजेन्द्र पाण्डेले नीति तथा कार्यक्रम सदनमा टेबुल गर्ने र १७ जेठमा प्रदेशसभामा छलफल हुने कार्यसूची छ । आगामी आवका लागि भने बजेटको आकार बढ्न सक्ने जनाइएको छ । प्रदेशमा विगतका भन्दा मन्त्रालय संख्या दोब्बर छ । मन्त्रालय संख्या १४ पुगेकै कारण बजेटको आकार पनि बढ्ने देखिन्छ ।

मन्त्रालयगत रुपमा पर्याप्त बजेट पुर्‍याउन ६० अर्बभन्दा बढीको बजेट आउने आर्थिक मामिला तथा योजना मन्त्रालय स्रोतले जानकारी दिएको छ । प्रदेश सरकारले आगामी आवमा भौतिक पूर्वाधार, कृषि र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याउने तयारी गरिरहेको हो । तत्कालीन नेकपा एमाले सरकारले पनि पूर्वाधार र कृषिलाई प्राथमिकतामा राखेर बजेट ल्याएको थियो । आर्थिक मामिला तथा योजना मन्त्रालय नयाँ बजेट निर्माणका लागि धमाधम काम गरिरहेको छ । प्रदेशका सबै मन्त्रालयमा मन्त्री, सचिव, महाशाखा प्रमुख, शाखाका कर्मचारीहरु बजेटको चटारोमा छन् ।

प्रदेशको नेकपा (एकीकृत समाजवादी) नेतृत्वको गठबन्धन सरकारलाई विगतका सरकारले ल्याए पनि प्रभावकारी र लोकप्रिय बजेट ल्याउन चुनौती पनि छ । चालू आवमा एमाले सरकारले ल्याएको बजेटमाथि कटाक्ष गरेको गठबन्धन सरकारले आगामी बजेट समावेशी र लोकप्रिय ल्याउनुपर्नेमा मन्त्रीहरुकै जोड छ । बजेट निर्माण गर्नका लागि प्रदेशको आर्थिक मामिला तथा योजान मन्त्रालयले हरेक मन्त्रालयलाई बजेटको सिलिङ तोकेर पठाइसकेको छ ।

मन्त्रालयहरुले यसअघि पाइरहेको बजेटको सिलिङभन्दा आगामी आवको लागि तोकिएको बजेटको सिलिङ घटेको जनाइएको छ । पहिले सात वटा मात्र मन्त्रालयहरु रहेको र अहिले दोब्बर थपिएपछि पहिलेका वर्षहरुमा पाउँदै आएको बजेटको सिलिङ घटेको हो । आर्थिक मामिला मन्त्रालयले मन्त्रालयको खर्च गर्ने क्षमताका आधारमा बजेटको सिलिङ तोकेको जनाइएको छ । प्रदेश मात्र नभई मकवानपुरका १० वटै स्थानीय सरकारले पनि बजेट निर्माणको लागि तयारी गरिरहेका छन् । असारमा बजेट ल्याइसक्नु पर्ने भएकाले तीन तहकै सरकार संघ, प्रदेश र स्थानीय तह बजेट बनाउन जुटिरहेका हुन् । भर्खरै स्थानीय तह सदस्य निर्वाचन-०७९ सकिएकाले पालिकाहरुमा नयाँ जनप्रतिनिधि आएका छन् । नयाँ जनप्रतिनिधिहरु विजय र्‍याली सकिएसँगै बजेट निर्माणको चटारोमा रहेको जनाइएको छ । स्थानीय तहहरु आगामी आवका लागि बजेट ल्याउन कस्सिएका हुन् ।

नारायणी संघद्वारा जनप्रतिनिधिलाई बधाई

## यातायात क्षेत्रलाई व्यवस्थित गर्न आग्रह



साझाकुरा संवाददाता

हेटौंडा १२, जेठ/ स्थानीय तह सदस्य निर्वाचन-०७९ बाट मकवानपुरका १० वटै स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुलाई पुरानो नारायणी यातायात कम्पनीले बधाई ज्ञापन गरेको छ ।

हेटौंडा उपमहानगर पालिकाको मेयर, उपमेयर, थाहा नगरपालिकाको मेयर, उपमेयर र जिल्लास्थित ८ वटै गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षहरुलाई बधाईसँगै स्वागत तथा सम्मान गरेको हो । संघका अध्यक्ष हिरालाल श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख अतिथ्यतामा कार्यक्रम भएको हो । बधाई ज्ञापन कार्यक्रममा प्रदेशसभा सदस्य प्रेम बहादुर पुलामी, मुनु सिग्देल, नेपाली कांग्रेसका जिल्ला सभापति बुद्ध लामा, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष सूर्यचन्द्र न्यौपाने, हेटौंडाका मेयर मिनाकुमारी लामा, उपमेयर राजेश बानियाँ, थाहा नगरका मेयर विष्णु विष्टलगायतका जनप्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा संघका अध्यक्ष श्रेष्ठले यातायात क्षेत्रको समस्या तथा अवस्थाबारे जानकारी गराएका थिए । उनले नारायणी यातायात व्यवसायी संघबाट रुपान्तरित भई राज्यको धरपकडबाट बाध्यात्मक स्थितिबाट कम्पनी बनेको आरोप लगाएका छन् । उनले तत्कालीन संघले हेटौंडाको शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रको विकास र प्रवर्द्धनमा उल्लेखनीय कार्य गरेको जनप्रतिनिधिहरुलाई जानकारी गराएका थिए । संघले हेटौंडामा सञ्चालित सार्वजनिक यातायातहरुलाई व्यवस्थित बनाउन तत्काल व्यवस्थित बसपार्क निर्माण गर्नुपर्ने सुझाव दिएको छ ।

## हत्या आरोपमा मकवानपुरका थोकर पक्राउ, एक फरार

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ आफ्नै साथीको हत्या गरेको आरोपमा मकवानपुरको बागमती गाउँपालिका-६ फापरबारी ठूलो कायर बस्ने ४५ वर्षीय ठोकर कान्छा भन्ने कान्छामान थोकर पक्राउ परेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले थोकरसहित गोदावरी नगर पालिका-६ लेले बस्ने ४० वर्षीया गायत्री नगरकोटीलाई पक्राउ गरेको हो । उनीहरुमाथि सिन्धुपाल्चोक जुगल गाउँपालिका-८ बराम्चेका ३५ वर्षीय जीवन भन्ने कान्छा लामा तामाङको हत्या गरेर शव खोलामा फालेको आरोप लागेको छ । उनको शव सडेको अवस्थामा दक्षिणकाली नगरपालिका-१ पावर हाउस नजिक बागमती किनारमा फेला परेको थियो । शव सडिसकेको अवस्थामा फेला परेको थियो । उनको हत्या २८ वैशाखमा भएको प्रहरीले जनाएको छ ।

कार्यालयका प्रहरी प्रवक्ता उपरीक्षक कृष्ण कोइरालाले काठमाडौं-१६ नयाँबजार विष्णुमती पुलनजिकै बालाजु संरक्षण समिति तथा शिव मन्दिर गंगा पहलमान पौवा परिसरमा रहेको भवनको कोठामा घटना भएको बताए । घटनामा संलग्न रहेको आरोप लागेका मकवानपुरकै बागमती गाउँपालिका फापरबारी ठूलो कायरका दीपक वाइबा फरार छन् । मृतक तामाङले महिलामाथि गलत नजरले हेरेपछि सो घटना भएको प्रहरी उपरीक्षक कोइरालाले बताएका छन् । तीन जनाले मिलेर तामाङमाथि कुटपिट गरेको, टाउकोमा हम्मरले हानेको र घाँटीमा सलले कसेर हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हार्दिक बधाई तथा शुभकामना



नेपाल अडिटर्स एसोसिएसन (अडान) बागमती प्रदेश समितिको अध्यक्ष पदमा श्री रामकुमार बर्तौला पुनः निर्वाचित हुनुभएकोमा उहाँलगायत नवनिर्वाचित नयाँ कार्यसमितिका सम्प्रर्ण पदाधिकारी तथा सदस्यज्यूहरुलाई हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्र ढुंगाना (केन्द्रीय सचिव)
नेपाल अडिटर्स एसोसिएसन (अडान)
केन्द्रीय कार्यसमिति

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA
e-SCOOTERS






Offer
रू.10,000/-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुद्ने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर ☞ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

हाम्रो कुरा

## बजेट खर्च बढाऊ, सरकारको अनभूति दिलाऊ

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको दुई महिना अवधि बाँकी रहँदासम्म कूल बजेटको ३५ प्रतिशतमात्र खर्च गर्न सकेको पाइएको छ । मन्त्रालयगतरुपमा हेर्ने हो भने जनताले प्रत्यक्षरुपमा प्रयोग गर्ने भौतिक विकास निर्माणको पाटोमा अझै निराशाजनक काम भएको पाइएको छ । चालु आवमा प्रदेश सरकारले ५७ अर्ब ७७ करोड ६४ लाख २७ हजार रुपियाँको बजेट ल्याएको थियो । जसमध्ये हालसम्म २० अर्ब ५४ करोड ९२ लाख २९ हजार ६ सय ७२ रुपियाँमात्रै खर्च भएको पाइएको छ ।

सिंहदरबारको अधिकार गाउँ गाउँमा ल्याउन पाइन्छ भनेर संघीयता लागू भएपनि तीन तहको सरकारले जनताको सेवा थालेपनि बजेट खर्च गर्न नसक्दा जनताले त्यसको वास्तविकरुपमा महसुस गर्न पाएका छैनन् । अधिकार सम्पन्न स्थानीय सरकार र त्यसलाई सहजीकरण गर्ने प्रदेश र संघीय सरकार रहँदा पनि तीनै तहका सरकारहरुले छुट्याएको बजेट पूर्णरुपमा खर्च हुन सकिरहेको छैन । बजेट खर्चको दृष्टिले हेर्ने हो तीन तहको सरकारमध्ये स्थानीय तहको सरकारले गरेको खर्च बढी छ । यसले जनताको स-साना विकासका योजनाहरुलाई पूर्णता दिने भएकोले स्थानीय सरकारको कामको विषयमा जनताले केही महसुस गर्न पाएका पनि छन् । तर, प्रदेश सरकारले ल्याएका ठूला योजनाहरु समयमै सम्पन्न नहुने, कामको गति कम हुनु, स-साना योजनाहरु पनि प्रदेश तहबाट गर्नुपर्ने भएकोले प्रक्रिया झन्झटिलो हुनु, स-साना योजनाहरु धेरै संख्यामा रहनु जस्ता धेरै कारणले प्रदेशको बजेट खर्च दर कम हुन गएको देखिन्छ ।

बागमती प्रदेश सरकार परिवर्तन, निर्वाचनका कारण समय अभाव, नयाँ सरकार आएसंगै बनेका स-साना दुई हजारभन्दा बढी योजनाहरुका कारण पनि कूल खर्चमा कम देखिएको हुनसक्छ । आगामी दिनमा बजेटको समीक्षा गर्दै नयाँ बजेट बनाउन लाग्नुपर्छ । टुक्रे योजनाहरु धेरै ठाउँमा छरेर काम गर्दा धेरै ठाउँमा प्रदेश सरकार पुगेको पाउन सकिए पनि कामको हिसाबले धेरै उपलब्धि हासिल हुन सक्दैन । स-साना योजनाहरु सम्पन्न गर्न प्रदेश र संघले स्थानीय तहको सरकारलाई पर्याप्त बजेट दिनुपर्छ भने ठूला प्रदेश र केन्द्रीय सरकारको गौरबका योजनाहरुलाई सरकारले विशेष प्राथमिकतामा राखेर काम गरेमा बजेट खर्च दर पनि बढ्छ र जनताले महशुस पनि गर्न पाउँछन् । यतातिर सबै तहको सरकारको ध्यान जाओस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ १४ गते शनिबार २८ मे २०२२ । जेष्ठ कृष्ण त्रयोदशी । ११४२ बछलागा त्रयोदशी । सूर्योदय विहान ५:०९, सूर्यास्त १८:५२ बजे ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शैक्षिक कार्यमा सफलता | तुला | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| वृष | : परिवारमा विवाद | वृश्चिक | : रोकिएका काम बन्नेछ |
| मिथुन | : खिन्नता रहने | धनु | : व्यापारमा विशेष फाइदा हुनेछ |
| कर्कट | : शैक्षिक कार्यमा सफलता | मकर | : शत्रु सजिलै हराउन सकिनेछ |
| सिंह | : आफन्तबाट सहयोग | कुम्भ | : अनावश्यक झंझट बृद्धि |
| कन्या | : शत्रुबाट बाधा सृजना | मीन | : आरोप प्रत्यारोपको सामना |

# कस्तो हुनुपर्छ समुन्नत समाज निर्माणमा सञ्चारको दायित्व ?



✍टेकराज पन्थी

सामान्य अर्थमा सञ्चार भन्नाले दुई वा दुईभन्दा बढी व्यक्तिबीच सूचना, विचार, अनुभव, भावना आदिको विनिमय हुने र एकअर्कामा आपसी समझदारी कायम गर्ने प्रक्रियालाई बुझिन्छ । एकअर्काबीच सूचना, विचार धारणा जानकारी साटासाट गर्ने प्रक्रिया वा साझेदारी कायम गर्ने प्रक्रियालाई सञ्चारको अर्थमा बुझ्न सकिन्छ । सञ्चारको उद्देश्य कुनै भाव वा विचारको सम्प्रेषण गर्नु हो । परापूर्वकालदेखि आज पनि सार्वजनिक वा महत्वका सूचनाहरू सर्वसाधारणलाई जानकारी दिन कटुवाल घोकाउने प्रचलन पनि पत्रकारिताको पूर्वाभ्यास हो । आजको पत्रकारिता वैज्ञानिक युगको सामूहिक देन हो । कागजको उद्योग, छापाखाना र अन्य छपाइ उपकरणका सङ्गमबाट अहिलेको पत्रकारिता चलिरहेको छ । मुख्यत: छापाखानाको विकाससँगै पत्रकारिताको पनि विकास भएको मानिन्छ ।

विश्व पत्रकारिताको इतिहासमा नेपाललाई हेर्दा निकै पछि मात्र यसको विकास भएको देखिन्छ । नेपालमा छापाखानाको विकास पनि निकै ढिलो भएको हो । भारतमा भन्दा झन्डै तीन सय वर्ष पछाडि मात्र नेपालमा छापाखानाले प्रवेश गरेको देखिन्छ । भारतमा सन् १५५० मा प्रेसले प्रवेश पायो भने नेपालमा विसं १९०८ मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा बेलायत भ्रमणबाट फर्कंदा फलामे हाते प्रेस ल्याएपछि मात्र विधिवत् रूपले प्रवेश पायो । यसैलाई हामीले गिद्धेप्रेस भन्छौं । यसपछि मनोरञ्जन छापाखाना ल्याइएको थियो । पत्रकारिताको प्रारम्भ मोतिराम भट्टले गरेका थिए । साहित्यको माध्यमबाट नेपाली भाषाको सेवा गर्ने भट्टले विसं १९५० मा सुधासागरको प्रकाशन गरे । १९५२ मा उनको निधन भएपछि पण्डित नरराजहरूले १९५५ मा 'सुधासागर' प्रकाशित गरे । यो नेपालबाट प्रकाशित पहिलो पत्रिका थियो । यस अघि विसं १९४२ मा 'गोर्खा भारत जीवन' नामक् पत्रिका मोतिराम भट्टले नै बनारसबाट प्रकाशन गरेका थिए ।

यसरी हेर्दा नेपाली पत्रकारिताको प्रारम्भिक स्थल बनारसलाई नै सम्झनुपर्दछ । नेपालमा जङ्गबहादुरले बेलायतबाट प्रेस ल्याएको झन्डै ५० वर्षपछि मात्र पत्रिकाको प्रकाशन भएको पाईन्छ । 'सुधासागर'पछि नेपालबाटै नेपाली भाषामा प्रकाशित दोस्रो पत्रिका 'गोरखापत्र' हो । सन् १९०१ मा प्रकाशित भएको थियो । यसको प्रकाशनपछि नेपाली सञ्चारमाध्यममा क्रान्ति नै आएको थियो । नेपालको इतिहासमा रेडियोले आमसञ्चारको क्षेत्रमा ठूलो क्रान्ति ल्याएको पाइन्छ । विसं २००७ को क्रान्तिका समयमा नारदमुनि थुलुङको नेतृत्वमा पूर्वी नेपालको पहाडबाट प्रजातन्त्र रेडियोको नाममा रेडियो प्रसारण भएको थियो । पछि विराटनगरमा पनि अर्को रेडियो सञ्चालन भएको थियो । तारिणीप्रसाद कोइरालाले नेतृत्व गरेको त्यो रेडियोले पनि राणा विरोधी क्रान्तिलाई मुख्य रूपमा प्रचार गरेको थियो । प्रजातन्त्रको स्थापनापछि २००७ चैतमा त्यही उपकरण ल्याएर काठमाडौंबाट नेपाल रेडियोको स्थापना गरिएको थियो । जुन अहिले सरकारी सञ्चार माध्यम रेडियो नेपालको रूपमा सञ्चालित छ ।

टेलिभिजनको इतिहासमा विसं २०४१ मा नेपाल टेलिभिजनको स्थापना भयो र यसले हाल करिब ११७ च्यानल प्रसारण गरेको पाइन्छ । यसै गरी नेपालमा अनलाइन पत्रकारिता पनि प्रशस्तै सञ्चालनमा छन् । प्रारम्भमा सीएनएन, बीबीसी तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरू धेरै अगाडि नै अनलाइन संस्करणमा गए पनि नेपाल यसमा त्यति पछाडि छैन । सन् १९९३ बाट अनलाइन पत्रकारिताको विकासले तीव्रता पाएको थियो । नेपालमा पनि सन् १९९५ मै अनलाइन पत्रकारिताको प्रारम्भ भइसकेको थियो । नेपालमा अनलाइन पत्रकारिताको प्रारम्भ गर्ने पहिलो संस्था मर्कन्टाइल हो । उसले सन् १९९५ मा साउथ-एसिया डटकम मार्फत् कान्तिपुर पब्लिकेसन हाउसको अङ्ग्रेजी दैनिक दी काठमाडौं पोस्टलाई आफ्नो साइटमा राखेर अनलाइन पत्रकारिताको प्रारम्भ गरेको थियो । अहिले अनलाइनहरू करिब २,४७३ भन्दा धेरै नै भइसकेका छन् । अनलाइन पत्रकारितामा नयाँ धार सुरु भएको छ । आफैँ रिपोर्टर राख्नेदेखि बाइलाइन राखेर समाचार लेख्ने काम अन्य अनलाइनले सुरु गरेका छन् ।

बिटमा आधारित रहेर अनलाइन सञ्चालन गर्ने लहरसमेत नेपालमा चलेको छ । पछिल्लो समय विशेष गरी आर्थिक बिटका राम्रा अनलाइनसमेत सञ्चालनमा आएका छन् । यसै गरी नेपाली ब्लग साइटहरू पनि धेरै खोलिएका छन् । नेपालमा ब्लग साइटहरूमा समाचारको निकै बाहुल्य रहेको छ । कतिपय ब्लग साइटहरू त समाचार साइटले जस्तै समाचार पस्किरहेका छन् । त्यसैले ब्लगहरू पनि नेपालमा समाचारका माध्यम बन्न थालेका छन् । यद्यपि ब्लग समाचार साइट होइन । मिडियालाई समाजको ऐना भनिन्छ । समाजको चरित्र र स्वरूप जस्तो छ त्यस्तै प्रतिरूप मिडियामा प्रतिबिम्बित हुन्छ । मिडिया समानता, सुशासन र न्यायका लागि सकारात्मक गोरेटो पहिल्याउने समाजको पथप्रदर्शक पनि हो । समाजलाई सही, तथ्यपरक र विश्वसनीय सूचना प्रवाह गर्दै ज्ञान दिनु वा चेतनाको विकास गर्नु यसको उद्देश्य भएकाले लोकतान्त्रिक समाजको पहरेदारको रूपमा रहेको हुन्छ । राज्यका तीन महत्त्वपूर्ण निकाय न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकालाई बर्दीबिनाको प्रहरीका रूपमा मिडियाले नियालिरहेको मात्र हुँदैन, गलत पात्र र प्रवृत्तिविरुद्ध खबरदारी पनि गरिरहेको हुन्छ । मिडियाले समाजका समस्या उद्घाटित मात्रै होइन, न्यायका लागि मार्ग प्रशस्तसमेत गर्छ । सञ्चार माध्यमबाट धेरै विषयमा समाजका हित र न्यायका विषयमा काम गरिरहेको पाइन्छ । तथापि कहिले व्यक्तिगत स्वार्थ त कहिले राजनीतिक प्रभावबाट सञ्चार क्षेत्र प्रभावित भएको पनि पाइन्छ । समाजमा सुशासनका लागि वकालत गर्ने मिडिया समाजप्रति जिम्मेवार बन्न नसक्दा दण्डहीनता र कुशासन हावी हुन्छ । कुशासन र दण्डहीनता हाबी भएको ठाउँमा न्यायमा सबै क्षेत्र तह र तप्काको समान पहुँच हुन सक्दैन । मिडियाले समाजका समस्या जस्ताको त्यस्तै दर्साउने भएकाले यसलाई समाजको ऐना पनि भन्ने गरिएको हो ।

तर मिडिया राजनीतिग्रस्त हुनु, मार्केटफोर्स हुनु र मिडियामा संलग्न व्यक्तिहरूको निहित स्वार्थ हुनु जस्ता कारण यसले कतिपय सूचनालाई अवास्तविक रूपमा प्रस्तुत गरिदिँदा सञ्चारको विश्वसनीयतामा बेलाबेला प्रश्न उठ्ने पनि गरेको छ । सत्यता, सहनशीलता जस्ता कुरालाई आधार बनाएर पनि आफ्नो पहिचान, अस्तित्वको रक्षा र आफ्नो महत्व स्थापित गर्न सकिन्छ । यथार्थ समाचार सम्प्रेषण गर्नु असल पत्रकारिताको धर्म र दायित्व हो भन्ने विषय सबै सञ्चारकर्मीले बिर्सिनु हुँदैन । नेपालको वर्तमान सन्दर्भमा तीव्र विकास भएका सञ्चार माध्यमहरू धेरै हदसम्म सजिलो सूचनाका स्रोत बनेका छन् । अहिले सामाजिक सञ्जालको लहर चलेको छ । हरेक व्यक्ति आफैंमा सूचनाको स्रोत बनेका छन् । यसका धेरै सकारात्मक पक्षहरू छन् । कतिपय व्यक्ति वा संस्थाले भ्रमको खेती गर्नक मात्रै सञ्चार माध्यमको प्रयोग गर्ने गरेका उदाहरण छन् । यो पद्धति गलत हो ।

मिडिया आफैँमा एउटा व्यवसाय भएकाले यसले पनि नाफा कमाउनुपर्दछ, अन्यथा बजारमा टिक्न सक्दैन । तर अर्कातिर यसको अभियान नै जनतालाई सुसूचित पार्नु हो । यदि सूचनाको प्रवाह गर्ने आफ्नो दायित्व मिडियाले पूरा गर्न सकेन भने यसको औचित्यमाथि प्रश्न चिन्ह खडा हुनेछ । समाजको पहरेदारी गर्न विकास भएका मिडियाले समाजको अहित हुने कुरा गर्नु हुँदैन । समाजमा विश्वास कायम गर्न मिडिया समाजप्रति उत्तरदायी बन्नैपर्छ । अन्यथा मिडिया जनताको आवाज होइन, प्रोपोगान्डा सावित हुन्छ । त्यसैले सत्य, तथ्य र वास्तविक सूचना प्रवाह नै मिडियाको धर्म हो । आफ्नो यो आधारभूत मान्यताबाट सञ्चार माध्यम चिप्लियो भने समाजको पहरेदारको भूमिकामा त्यो मिडिया हुन सक्दैन ।

लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा न्याय, सुशासन र समृद्धिका लागि त मिडियाको ठूलो भूमिका हुने गर्दछ । नेपाली समाज बहुलवादी छ । संविधानले हरेक नागरिकको स्वतन्त्रताको ग्यारेन्टी गरेको छ । मुलुकमा प्रेस स्वतन्त्रता छ । सही सूचनाको सम्प्रेषण नहुँदा एउटा सानो गलत सूचनाले एकैछिनमा ठूलो रूप लिन सक्छ । गलत सूचनाले कतिपयको व्यक्तिगत वा सामाजिक, संस्थागत जीवन चरित्र नै समाप्त हुन सक्छ । यसका लागि मिडियामा नकारात्मक कुरा फैलाउने प्रक्रिया रोक्न राज्यले बलियो संयन्त्र निर्माण गर्नुपर्छ । र, मिडियाहरूबाट पनि राज्यलाई सकारात्मक सहयोग गर्नु पर्दछ । पछिल्लो समयमा हरेक नागरिक जसको इन्टरनेट र सामाजिक सञ्जालमा पहुँच छ, यस्ता समाचारहरू सेयर गर्नुभन्दा पहिला धेरै आयामबाट सोच्न जरुरी पनि छ । पहिलो विषय समाचारमा सत्यता हुँदाहुँदै निष्पक्ष छ कि छैन र त्यो पक्ष केलाउन जरुरी छ । दोस्रो समाचारको उद्देश्य सामाजिक मेलमिलापमा आधारित छ या सामाजिक बेमेलमा आधारित छ भन्ने सोचेर सेयर वा 'सिफारिस' गर्ने निर्णय गर्नुपर्छ । कतिपय समाचारमा समाज बनाउनेभन्दा पनि भाड्ने तत्व हावी वा नियोजित रूपमा 'पित' पत्रकारिताका रूपमा त्यो देखिन्छ ।

हाम्रो समाजमा धेरै विचारको घुलमिल छ । सबैलाई आफ्नो विचारको, अस्तित्वको रक्षा गर्ने व्यक्तिगत चुनौती पनि छ । तर आफ्नो विचारको अस्तित्व कायम राख्न नकारात्मक कुराहरू भ्रम, सङ्कीर्णता आदिको सहारा लिनु राम्रो होइन । मुलुकमा व्याप्त अस्तव्यस्ता, दण्डहीनता, मानव अधिकारको रक्षा सुशासन, कर्तव्य र अधिकारको बोध मिडियाले नै गर्ने हो । लोकतन्त्रमा सही सूचना पाउनु पनि नागरिकको अधिकार हो । सही सूचना नै सञ्चार माध्यमको प्रमुख व्यापार हो । सेवा भनिए पनि सञ्चार माध्यमले बिक्री गर्ने त्यही सूचना हो । नागरिकहरू सूचनाका उपभोक्ता हुन् । सूचना खरिद गरेर नागरिकहरू लाभान्वित हुन्छन् । सूचना बेचेर सञ्चार माध्यम चल्छन् । विधाअनुसार पैसा तिर्ने तरिका र माध्यम फरक हुन सक्छन् । त्यसैले मिडियाले दिने सूचना कस्तो हुने, त्यसले समाजमा पार्ने प्रभाव वा असर कस्तो हुन सोच्न जरुरी छ । अन्त्यमा मानिसको उत्सुकता, कौतुहल मेटाउने काम मिडियाले गर्ने गर्दछ ।

त्यसैले वास्तविक वा सत्यता, सन्तुलन र विश्वसनीयता सञ्चार माध्यम वा मिडियाका मूल मन्त्र र मान्यता हुन् । सञ्चार माध्यमले आफूले सम्प्रेषण गरेका समाचारलाई यिनै तीनवटा आधारमा विश्लेषण गर्न सक्नुपर्दछ । कुनै पनि सूचना वा समाचारमा तथ्य बङ्ग्याइएको छ वा समावेश गरिएको छैन भने त्यो समाचार नभएर विचार हुन जान्छ । त्यसैले सञ्चार माध्यमबाट प्रसारित सूचनालाई असल सञ्चारकर्मीले आफ्नो धर्म, कर्तव्य, दायित्व र मर्मलाई ध्यान दिएमा मिडियाको गरिमा बढ्न जान्छ ।

पत्रकारिताबाट समाजलाई सही मार्गमा लैजान सकिने, कुरीति, कुसंस्कार हट्ने, सेवा प्रवाहमा सुशासन र पारदर्शिता कायम भई भ्रष्टाचार नियन्त्रण हुने देखिन्छ । पत्रकारिताको खबरदारीबाटै आर्थिक सामाजिक रूपान्तरण भई समुन्नत समाजबाट समृद्ध नेपाल सुखी नेपाल हुनेमा विश्वास गर्न सकिन्छ । लेखक बाणगङ्गा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत हुन् ।

*साभार रातोपटी*

# निर्वाचनमा विद्रोहको भुङ्ग्रो



✍ कुलचन्द्र वाग्ले

स्थानीय तहको दोस्रो निर्वाचनमा सहभागी ठूला दलहरुभित्र मुखरित विद्रोहले तिनका नेताहरुको कार्यशैलीप्रति गम्भीर असन्तुष्टि रहेको यथार्थ उजागर भएको छ । यसअघि स्थानीय निकाय भनिन्थ्यो । वर्तमान संविधान लागु भएपछि स्थानीय तह भनियो । थप महिमा मण्डित गर्न अहिले 'स्थानीय सरकार'को विशेषण पनि दिइएको छ । निर्वाचनको मत परिणाम लगभग सार्वजनिक भइसकेको छ । बाँकी केही पालिकाको परिणामको संकेत देखिइसकेको छ । कथम् केही ठूलै भिन्नता आएबाहेक आधिकारिक घोषणा यसै साताभित्र हुने नै छ ।

वैशाख ३० मा भएको मतदानको पूरै परिणाम आउन दुई साता पर्खनु पर्यो । बाजुराको बूढीनन्दा गाउँपालिकामा भने मत गणना सुरु भएकै छैन । त्यहाँ विवाद छ । निर्वाचनको विजेता परिणाम कसले ठूलो पायो र को सानो भयो ? कसलाई फाइदा र बेफाइदा बेहोर्यो कसले ? यी सबै घोषित परिणामको आकडामा छन् । चुनावी चक्र यस्तै हुन्छ । कहिले को माथि, को तल । प्रजातन्त्र रहे, आवधिक निर्वाचन भइरहे पाँचै वर्ष त हो नि । अहिलेको स्थानीय तह चुनाव परिणाम त्यतिबेला फरक पर्नसक्छ । संख्यात्मक परिमाण भन्दापनि यसपटक आएको संकेत र सन्देश दल, तिनका नेता, कार्यकर्ता र संगठनलाई गम्भीर छ । सबैजस्तो चुनावमा स्वतन्त्र उम्मेदवार हुन्छन् । केहीले जित्छन्, अनौठो होइन । यसपटक पहिलेभन्दा धेरै उम्मेदवार स्वतन्त्रको नाममा उभिए र सबैले होइन, केहीले जिते पनि । विभिन्न पदमा गरी तीनसयभन्दा बढी स्वतन्त्र उम्मेदवारले स्थानीय तहमा जितेको समाचार आइरहेको छ । स्वतन्त्र उम्मेदवारको बढ्दो संख्या र जितले दिएको सन्देश दल र दलीय प्रणाली सञ्चालकहरुप्रति लक्षित छ ।

तिनको कार्यशैलीप्रति व्यक्त असन्तुष्टि स्वतन्त्रले प्रकट गरेका छन् । यस्तो संकेतप्रति दलका नेताहरुको ध्यान कति जाला ? भविष्यले बोध गराउला । स्वतन्त्र विजेताले कति काम गर्न सक्लान्, तिनलाई काम गर्न कति सहज होला ? तिनीहरुकै अनुभवले पछि बताउला । स्वतन्त्रभन्दा पनि गम्भीर मोड विद्रोहको हो । दलहरुभित्र यसपटक देखिएको आन्तरिक विद्रोहले दिएको सन्देश पनि नेताहरुकै कार्यशैली वा निर्णय प्रक्रियाप्रतिको विद्रोह हो । यतिमात्रै होइन, राजनीतिमा आफू वा व्यक्ति केन्द्रित सोच बढी भएको परिणाम पनि हो । आफू, आफ्नो वा तेरो, मेरो सोचले गरिने पन्पच्छेको प्रवृत्ति पन्पाउने नेताहरुकै अनुशीलन प्रेरणाले विद्रोह मौलाउँदै छ ।

नसच्चिए विद्रोह यतिमै रोकिने लक्षण छैन । यो प्रवृत्ति र विद्रोह स्थानीय तहको चुनावमा मात्रै सीमित हुने पनि होइन । अहिलेकै प्रवृत्ति पथमा हिँड्दा आगामी दिन अरु स्वतन्त्र र विद्रोही थपिने निश्चित छ । यो सल्किदो भुम्रोजस्तै हो । नेताहरुले तोड्दै आएको आआफ्ना दलको अनुशासन सम्बद्ध कार्यकर्ताले थप तोड्ने छन् । संकेत यही हो । नेताले नमान्ने विधान, अनुशासन कार्यकर्ताले सधैँ कति, किन मानिरहने ? नेताले कारबाही गर्दैजाने ? अन्तत: पार्टी रित्याउने ?

पद पाउने थामिएलान् । पदावधि समाप्तिको भोलिपल्टदेखि तिनैमध्ये धेरै विद्रोहको लागि स्वतन्त्र छन्, प्रेरित र प्रशिक्षित गरिएका छन् । यसपटक सबैभन्दा धेरै विद्रोही एमालेमा देखिएका छन् । ती धेरै प्रकट छैनन् गोप्य छन् । अर्थात् 'अन्तर्घाती' भनिने दर्जामा छन् । घोषित परिणामअनुसार प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले पालिका प्रमुख र अध्यक्ष गरी २०५ स्थनमा जितेको छ । उप पदमा भने २३७ स्थान प्राप्त गरेको छ । दुई पदवीच ३२ सिटको अन्तर छ, किन ? आन्तरिक 'भोटक्रस'को कारण । अर्थात् अन्तर्घात । यसको प्रमुख उदाहरण भरतपुर र पोखरा महानगरपालिकाको मत परिणाम हो । सत्य बिरलै स्वीकार गर्ने कम्युनिस्ट पथका नेता केपीशर्मा ओलीले यसपटक मुस्किलले नै सही सत्य स्वीकार गरेको सुनियो । उनले स्थानीय तह मत परिणामप्रति टिप्पणी गर्दै भने- आफ्नो पार्टीको हार 'गठबन्धको कारणभन्दा आन्तरिक घातको परिणाम' हो । सत्य यही हो, तर पूरा यतिमै हुँदैन ।

सरकारमा सम्मिलित दलीय गठबन्धन त कति ठाउँमा भएको थियो र ? ७५३ मध्ये मुस्किलले दुई सय स्थानमा मात्रै । गठबन्धन निर्देशन कति ठाउँमा पालना गरियो, कतिमा तोडियो वा आफ्नै सुविधाअनुसार कति ठाउँमा अर्कै गठजोड पनि गरियो । सरकार सम्मिलित दलीय गठबन्धनको प्रमुख दल नेपाली कांग्रेसले ३२७ स्थानमा प्रमुख जितिसकेको छ । सरसर्ती हेर्दा पालिकाहरूमा उपप्रमुख पदमा कांग्रेसका तीन सय प्रतिनिधि चुनिएका छन् । कांग्रेसको घट्दा एमालेको उपको पद संख्या बढेको छ । तर, प्रमुख वा उप जुनसुकै प्राप्त पद संख्या हेर्दा स्थानीय तहमा धेरै पदाधिकारी कांग्रेसकै हुने देखियो ।

एमाले ओरालो लाग्नुको कारण शर्मा ओलीले भनेजस्तै स्थानीय नेता, कार्यकर्ताको अन्तर्घातमात्रै भने होइन । एमाले अध्यक्ष ओली स्वयंले गरेको अन्तर्घातको परिणाम पनि अहिले एमालेले भोगेको हो । विजेतामध्येका अरुमा पनि धेरथोर घात, अन्तर्घात देखिए । एमालेको हात त थाप्लोमै पुग्यो । एमालेसँग गठबन्धन गर्नेहरुको त दुवै हात थाप्लोतिरै पुगे । एमाले अध्यक्ष ओलीले पूरा सत्य स्वीकार गर्न आफूले पार्टीभित्र वा पार्टीका नेताहरुलाई वा मनपरी टिकट बाँड्दा गरेको अन्तर्घातको समीक्षा गर्नुपर्छ । परिणामप्रति चित्त दु:खाइ गर्दा स्थापित प्रणालीमाथि बारम्बार खड्ग उज्याएको उनले सम्झिनुपर्छ । प्रतिपक्षी दलको नेता ओलीले संसद्को समय नौ महिना निरर्थक पार्ने कृत्यको परिणाम बुझ्नुपर्छ । अन्तर्घात एमालेमा बढी देखियो, सुनियो तर कांग्रेसमा पनि भयो । अरुमा नगण्य । कांग्रेसमा अन्तर्घातभन्दा विद्रोह बढी भयो । धेरैले पार्टी नै छोडे, धेरैलाई कारबाही गरी निष्कासित पारियो । गठबन्धनमा रहेकोले कांग्रेसका धेरै कार्यकर्ताले अरु चिन्हमा मत दिएनन् होला, रुख नै खोजे होलान् । त्यो अन्तर्घात होइन, गठबन्धनका कारण निष्ठा च्युत गर्न खोजिएको सोचको उपज विद्रोह हो ।

अन्त्यमा यसपटक स्वतन्त्र, अन्तर्घात, बागी, विद्रोह निकै भयो । यो चालु नेपाली राजनीति र तिनका नेतालाई भविष्यको संकेत पनि हो ? यस्तो संकेतलाई सम्बोधन गर्न दलका उपल्लो सिँढीमा आसीनहरुले भ्याउने छैनन् । जो मुखिया, तिनले बिगारेको तस्बिर सपार्ने जिम्मेवारी पाउने अबको पुस्ताले हो । तिनलाई युवा भनियोस् कि दायित्व बोध गर्ने नेतृत्व भनियोस् । आ-आफ्नै 'मर्जी'। दायित्व जहाँ संक्रमित हुँदैछ वा हुनेछ सम्बोधन पनि उसैलाई गर्नुपर्यो । अहिले निर्वाचित प्रतिनिधिलाई दलका युवा नेताहरुले प्रशिक्षित गरुन् । भ्रष्टाचार, पक्षपात र कसैप्रति अवाञ्छित मोलाहिजा नगरुन् । प्रशासन प्रक्रियामा सुशासन, पारदर्शी व्यवहार, स्वच्छ आर्थिक कार्य गरुन् । जनताको सच्चा सहयोगी बनून् । दलले यस्तै विषयमा प्रशिक्षित गरुन् । दायित्व 'उदीयमान' युवा नेतृत्वको हो ।

प्रशिक्षक वा युवा नेताहरु पनि यस्तै सही बाटो हिँडून् । यसविपरीत देखिने आअफ्ना प्रतिनिधिलाई कसुरअनुसार दण्डित गरुन्, दण्डित पारुन् । अलिकति आशा यही उदाउँदो पुस्तासँग छ । तबमात्र अन्तर्घात, बागी, विद्रोह नियन्त्रित होला । अन्यथा दलीय राजनीतिको लागि यही नै अग्राखमा पल्किएको र सल्किएको धमिरा सरह हो ।

*साभार : बाह्रखरी*

# अनुप बरालको 'दोख'को पोस्टर विदेशी फिल्मबाट प्रभावित




नेपाली फिल्म 'दोख 'को आधिकारिक पोस्टर कर्ट रसेल स्टारर अमेरिकी फिल्म 'बोन तोमाहक'बाट प्रभावित देखिएको छ ।

आगामी असार २४ गते रिलिज तयारीमा रहेको अनुप बराल निर्देशित 'दोख'को पोस्टर एस क्रेग जलरबाट प्रभावित देखिन्छ । पोस्टर मनोविज्ञान, रङ संयोजन र चरित्रको 'प्लेसमेन्ट' दुरुस्तै देखिन्छ ।

सन २०१५ मा रिलिज भएको हरर वेस्टर्न क्यानिबल फिल्मले कब्जामा लिइएका तीन जनाको उद्धार गर्ने एक गाउँको कथा पेश गर्छ । 'दोख'ले पनि दशक लामो सशस्त्र द्वन्दको पृष्ठभूमिमा फुटबल खेलमार्फत दुई गाउँलेबीचको झगडा चित्रण गर्छ । नेपाली फिल्ममा पोस्टर प्रभावित हुनु नयाँ कुरा होइन । यसबारे पटक-पटक बहस र चर्चा हुँदै आइरहेको छ । *साभार: अनलाइनखबर*

# साझाका तीन बिजुली बस काठमाडौंमा, परीक्षणपछि सेवा थाल्ने




काठमाडौं १२ जेठ/ साझा यातायातले पहिलो चरणमा ल्याएका तीन वटा बिजुली बस काठमाडौंमा आइपुगेको छन् । पहिलो चरणमा ल्याइएका बिजुली बस ललितपुरको पुल्चोकस्थित आफ्नो पार्किङमा राखेको छ । चीनको नानजिंगस्थित सीएचटीसीएचओ कम्पनीको विद्युतीय बसको कारखनामा ती बस तयार भएका हुन् । चीन मै 'ग्रेडबिलिटी टेस्ट'(उकालो तान्न सक्ने क्षमता) परीक्षण गरेपछि नेपालमा ल्याइएको 'दी गो'ले जानकारी दिएको छ ।

सीएचटीसीएचओका बस नेपालमा 'दी गो'ले ल्याएर बिक्री गर्ने गरेको छ । ती बस काठमाडौं आइपुगेपछि उपत्यकाका सडकमा परीक्षण सफल हुनासाथ बाँकी ३७ वटा पनि आउने साझा यातायातका अध्यक्ष कनकमणि दीक्षितले आफ्नो ट्विटर ह्यान्डलमार्फत् जानकारी दिएका छन् । उनका अनुसार सरकारी विशेषज्ञले परीक्षण गरेर अनुमति दिएपछि यी बसले काठमाडौंमा सेवा दिन थाल्नेछन् । सीएचटीसीएचओसँग साझाले प्रतिबस डेढ करोड रुपियाँ मूल्यमा किन्दैछ । साझाले ४० वटा बसमा करिब ६१ करोड खर्चिंदै छ । अहिले ९ मिटर लामो बस किन्न लागिएको छ । यसपछि १२ मिटर लामा र अन्तरप्रदेश चल्ने विद्युतीय बसहरु पनि ल्याउने साझाको योजना छ । अहिले २५ सिट र सोभन्दा बढी क्षमताका विद्युतीय बस काठमाडौंमा आएका छन् । यी बसहरुमा वाइफाइ, टिभी डिस्प्ले, सीसी क्यामेरालगायत विशेषता पनि हुनेछन् । क्रमैसँग आधुनिक सुविधासहितको विद्युतीय बसहरु थप्दै जाने साझाले जनाएको छ ।

बस बिक्रेता कम्पनीले चार्जसहित ५ वर्षको सबैखालको मर्मतको सुविधा पनि दिनुपर्ने गरी खरिद सम्झौता भएको छ । सरकारले ९ पुस ०७५ मा ३ सय वटा बिजुली बस सरकारी लगानीमा किन्ने निर्णय गरेको थियो । सरकारले साझालाई बसहरु किन्न आधारभूत मापदण्ड पनि दिएको थियो । साउन २०७६ मा यातायात मन्त्रालयले हतार-हतार साझालाई खेस्रा मापदण्ड दिएको थियो ।

स्पेसिफिकेसन बन्दै गर्दा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १ असोज २०७६ मा 'बस किन्ने प्रक्रिया जहाँ पुगेको त्यहीं रोक्नू' भन्दै पत्र काटेको थियो भने त्यसको चार महिनापछि माघ २०७६ मा साझाको खातामा पुगिसकेको ३ अर्ब रकम ब्याजसहित नै फिर्ता लिने निर्णय गरेको थियो । तर, माघ २०७७ मा सरकारले ३ अर्ब रुपैयाँ फेरि साझालाई नै दिने र बस किन्न अनुमति दिने निर्णय लिएको थियो ।

सरकारले रकम फिर्ता लगेपछि बाग्मती प्रदेश सरकारले ३० करोड, काठमाडौं महानगरपालिकाले १० करोड रकम पनि फिर्ता लिएका थिए । सरकारले बस किन्दा चलखेल हुन लागेको आशंका गरेर करिब डेढ वर्ष खेर फालिदिएको थियो । पछि सरकारले साझालाई नै पैसा फिर्ता गरिदिएको थियो । सरकारकै बहुमत सेयर रहेको साझा यातायात सहकारीसँग अहिले ७१ वटा ठूला बस छन् । *साभार: अनलाइनखबर*

# थप २१ जनामा कोरोना संक्रमण पुष्टि, १२९ जना सक्रिय संक्रमित



१२ जेठ, काठमाडौं / पछिल्लो २४ घण्टामा देशभर २१ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशभरका प्रयोगशालाहरुमा ३,६२८ जनाको नमुना परीक्षण गर्दा २१ जनामा संक्रमण पुष्टि भएको हो ।

२०२५ जनाको पीसीआर परीक्षण गर्दा १४ जनामा र १६०३ जनाको एन्टिजेटन परीक्षण गर्दा ७ जनामा संक्रमण भएको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा १३ जना संक्रमण मुक्त भएका छन् भने १२९ जना सक्रिय संक्रमित रहेका छन् ।

## ललितपुरको बालकुमारीबाट पेस्तोलसहित दुई पक्राउ



प्रहरीले ललितपुरको बालकुमारीबाट पेस्तोलसहित दुई जनालाई पक्राउ गरेको छ। सर्लाही लालबन्दी नगरपालिका-१५ का २० वर्षीय सुरेन्द्र थिङ र ४० वर्षीय वीरबहादुर बम्जनलाई पक्राउ गरेको ललितपुर प्रहरी परिसरका प्रहरी वरिष्ठ उपरीक्षक यज्ञविनोद पोखरेलले जानकारी दिए। उनका अनुसार बिहीबार दिउँसो उनीहरूलाई बालकुमारी पुल नजिकैबाट पक्राउ गरिएको हो।उनीहरूको साथबाट अमेरिकी एक थान पेस्तोल, चार राउण्ड गोली र २ थान म्यागिजन बरामद गरेको प्रहरी वरिष्ठ उपरीक्षक पोखरेलले जनकारी दिए। प्रहरीले उनीहरूमाथि थप अनुसन्धान भइरहेको जनाएको छ।

# निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल नबनाउन सर्वोच्चको आदेश

## विमानस्थल चाहिए विकल्प खोज्न सरकारको नाममा परमादेश




बाराको निजगढमा बनाउने भनिएको अन्तर्राष्ट्रिय विमानस्थलको सम्पूर्ण प्रक्रिया रोक्न सर्वोच्च अदालतले आदेश दिएको छ । बिहीबार सर्वोच्च अदालतको बृहत पूर्ण इजलासले निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने सबै प्रक्रिया बन्द गरी विकल्प खोज्न सरकारको नाममा परमादेश जारी गरेको हो ।

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलकाअनुसार निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने प्रक्रियाका लागि सरकारले तोकेको चारकिल्ला, गरेका सबै निर्णयहरु खारेज गर्दै अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकता भए अर्को विकल्प खोज्न पनि परमादेश जारी गरेको छ । चारकोसे झाडीको बीचमा रहेको निजगढको जङ्गल मासेर विमानस्थल बनाउन लागिएको भन्दै वातावरणविद्हरुले विरोध जनाएका थिए ।

करिब २४ लाख सालको रुख काटेर विमानस्थल बनाउन लागेको कारण पानीको श्रोत, वातावरण र चराचुरुङ्गी समेतलाई असर गर्ने भन्दै विमानस्थल नबनाउन सर्वोच्च अदालतमा मुद्दा समेत परेको थियो । वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा, अधिवक्ता रञ्जु हजुर पाँडे लगायतले दायर गरेको रिट बिहीबार पाँच सदस्यीय बृहत पूर्ण इजलासमा परेको थियो । इजलासमा हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, प्रकाशमान सिंह राउत र मनोजकुमार शर्मा रहेका थिए । पाँच न्यायाधीश रहेको इजलासले निवेदककै पक्षमा रिट जारी गर्दै निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल नबनाउन परमादेश जारी गर्दै आवश्यक भए अर्को विकल्प खोज्न भनेको हो ।

वातावरणीय प्रभाव मूल्यांकन गर्दा आवश्यकभन्दा बढी रुख काट्न लागिएको, अनावश्यकरूपमा ठूलो एयरपोर्ट बनाएर पानीको स्रोतमाथि नै समस्या ल्याउने प्रयास भएको भन्दै विमानस्थल नबनाउन माग गर्दै रिट परेको थियो । सरकारको नीति तथा कार्यक्रममा पनि निजगढ विमानस्थलको विषय समेटिएको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले संसद्मा प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रममा पनि निजगढ विमानस्थललाई निर्माण प्रक्रियालाई अगाडि बढाउने निर्णय गरिएको थियो । तर सर्वोच्चले बिहीबार फैसला गर्दै निजगढमा विमानस्थल नबनाउन परमादेश जारी गरिदिएको हो । निजगढ विमानस्थल निर्माणका लागि भन्दै हालसम्म १ अर्ब ११ करोड रुपैयाँ खर्च भैसकेको छ ।

*साभार: रातोपाटी*

आयोजना अनुमति नपाएपछि

# इपिएलद्वारा क्यानविरूद्ध सर्वोच्चमा रिट दायर

EVEREST PREMIER LEA

नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना अनुमति नदिएको भन्दै एभरेस्ट प्रिमियर लिग (इपिएल) सर्वोच्च पुगेको छ। इपिएलले बिहीबार विज्ञप्तीमार्फत् क्यानविरूद्ध सर्वोच्चमा रिट दर्ता गरेको जनाएको हो।'इपिएल र ६ फ्रेन्चाइज टिमले नेपालको प्रचलित कानुनबमोजिम कानुनी उपाय खोज्ने निर्णय गरेका छौं।

त्यसैले सम्मानित सर्वोच्च अदालतसमक्ष रिट निवेदन दायर गरिएको छ। सर्वोच्च अदालतले क्यानको गलत निर्णयविरुद्ध अन्तरिम आदेश जारी गर्न माग गरेका छौं। न्यायलयले हामीलाई न्याय दिन्छ भन्ने विश्वास छ,' इपिएलको विज्ञप्तिमा भनिएको छ। यसअघि क्यानले देशको मात्र आधिकारी लिग हुने बताउँदै अरू लिगलाई राष्ट्रिय मान्यता नदिने स्पष्ट पारेको थियो। साथै क्यानले आगामी असोजमा हुने नेपाल टी-२० लिगका ६ वटा टिम समेत घोषणा गरेको थियो। क्यानले अरू लिगलाई क्षेत्रीय मान्यता दिन भने सकिने उल्लेख गरेको थियो । तर इपिएलले आफूले लिग सञ्चालनका लागि अनुमति पाउनु माग दोहोऱ्याएको थियो। इपिएलले नेपाल

टी-२० लिगको व्यापारिक तथा रणनीतिक साझेदार सेभेन थ्री स्पोर्ट्सको पारदर्शिता माथि प्रश्न उठाएको छ। क्यानले भारतीय कम्पनी सेभेन थ्री स्पोर्ट्ससँग सहकार्य प्रतियोगिता आयोजना लागेको हो।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।


Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## हार्दिक समवेदना



स्व. रामराजा नेपाल



स्व. काशिराम खराल

साविक नारायणी यातायात व्यवसायी संघका पूर्वकर्मचारीहरु काशीराम खराल (मुख्य इन्चार्ज) र रामराजा नेपाल (दुर्घटना सहायक) को यहि २०७८ साल जेष्ठ १ गते असामयिक स्वर्गारोहण भएको हुँदा आज १३ औं दिनको पुण्य तिथिमा स्वर्गीय दुबैजनाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

हिरालाल श्रेष्ठ
अध्यक्ष

सरोजकुमार खनाल
प्रबन्ध संचालक

**पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.**
(नारायणी यातायात व्यवसायी संघको रुपान्तरित कम्पनी)
हेटौंडा-४, पारिजातपथ, मकवानपुर

## हार्दिक समवेदना



स्व. काशिराम खराल



स्व. रामराजा नेपाल

नेपाल अडिटर्स एसोसिएसन (अडान) बागमती प्रदेश समितिका निवर्तमान कोषाध्यक्ष रघुनाथ खरालज्यूका पूजनीय पिता **काशिराम खराल** तथा आत्मीय भाइ विकास नेपालका पूजनीय पिता **रामराजा नेपाल**को असामयिक निधनले स्तब्ध बनाएको छ । शोकको यस घडिमा दिवंगत आत्माहरुको चीरशान्तिको कामना गर्दै शोकाकूल दुबै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रामकुमार बर्तौला (अध्यक्ष) एवम्
**नेपाल अडिटर्स एसोसिएसन (अडान)**
बागमती प्रदेश समिति, परिवार

# जेठ १९ गतेदेखि चौथो सहिद स्मृति गोल्डकप

साझाकुरा संवाददाता

हेटौंडा १२, जेठ/ कोरोना संक्रमणलगायतका कारणले पटक-पटक स्थगित हुँदै आएको चौथो स्थानीय तह सहिद स्मृति गोल्डकप अन्तर्राष्ट्रिय फूटबल प्रतियोगिता जेठ १९ गतेबाट हुने भएको छ ।

मकवानपुर जिल्ला फुटबल संघले बिहीवार हेटौंडामा पत्रकार सम्मेलन गर्दै कोरोना संक्रमणको कारण सर्दै आएको चौथो स्थानीय तह सहिद स्मृति गोल्डकप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता जेठ १९ बाट २८ गतेसम्म हुने जनाएको हो । प्रतियोगिताका संयोजक प्रताप विष्टले हेटौंडा-५ क्याम्पा रंगशालामा हुने गोल्डकपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको १० वटा टिमको सहभागिता रहने जानकारी दिए । उनका अनुसार प्रतियोगितामा विभागीय टोलीहरु त्रिभुवन आर्मी, नेपाल पुलिस क्लब, एपीएफ क्लब, फ्रेण्डस् क्लब, युमलटार, क्यामरुन, सिमरा, सर्लाही, बिजय युथ र चितवनको सहभागिता रहनेछ ।

प्रतियोगितामा प्रथम हुने टिमले ट्रफी, मेडल, प्रमाणपत्रसहित १५ लाख रुपैयाँ र द्वितीय हुने टिमले १० लाख रुपैयाँ प्राप्त गर्ने आयोजक जिल्ला फुटबल संघले जनाएको छ । प्रत्येक खेलको म्यान अफ दी म्याच हुने खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्ने संयोजक विष्टले जानकारी दिए । यसैगरी, खेलको उत्कृष्ट विद्यागत पुरस्कारअन्तर्गत् वेष्ट फर्वाड, वेष्ट डिफेन्डर, वेष्ट गोलकिपर, वेष्ट



कोच र वेष्ट स्कोररले जनही २५ हजार रुपैयाँ पाउनेछन् । सर्वोत्कृष्ट खेलाडीलाई आकर्षक पुस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । गतवर्ष भएको तेस्रो स्थानीय तह सहिद स्मृति गोल्डकप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीलाई बुलेट बाइक प्रदान गरिएको थियो ।

तर, आगामी संस्करणमा उक्त पुरस्कार प्रदान गर्ने विषयमा निर्णय नभइसकेको खेल संयोजक विष्टले बताए । मकवानपुर जिल्ला फुटबल संघको आयोजना तथा मकवानपुरको स्थानीय तहहरुको सहयोगमा आयोजना हुँदै आएको प्रतियोगितामा एक करोड १७ लाख ९२ हजार रुपैयाँ आम्दानी हुने अनुमान गरिएको आयोजकले जनाएको छ । आयोजक संघका अध्यक्ष टीका लामाले हेटौंडा उपमहानगरपालिकाबाट २५ लाख रुपैयाँ, विभिन्न स्थानीय तहबाट ४० लाख रुपैयाँ, बागमती प्रदेश सरकारबाट ८ लाख रुपैयाँ सहयोग प्राप्त हुने बताए ।

उनका अनुसार जिल्ला समन्वय समिति मकवानपुरबाट ५ लाख रुपैयाँ, थाहा नगरपालिकाबाट १० लाख रुपैयाँ, विभिन्न प्रायोजकबाट ८ लाख रुपैयाँ, टिकटबाट १६ लाख २५ हजार रुपैयाँ, ४ लाख ७५ हजार रुपैयाँ व्यक्तिगत तथा संस्थागत सहयोग र विविधबाट ९२ हजार रुपैयाँ आम्दानी हुने अनुमान गरिएको लामाले जानकारी दिए । लामाले प्रतियोगितामा एक करोड १७ लाख ९२ हजार रुपैयाँ नै खर्च हुने अनुमान गरिएको पनि बताए । उनले खेलाडी यातायात खर्चमा ६ लाख पाँच हजार, अनुमानित खेलाडी दैनिक भत्तामा २९ लाख १२ हजार, टिम खेल भत्तामा ४ लाख २० हजार, विज्ञापनमा ९ लाख, फिल्ड व्यवस्थापनमा ५ लाख, मसलन्दमा २ लाख, टेन्ट कुर्सी, कार्पेट तथा मञ्च सजावटमा ४ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको उनको भनाइ छ ।

त्यस्तै, पुरस्कारमा २९ लाख ८५ हजार, प्यारापिट व्यवस्थापनमा ५ लाख, खेल मैदान घेराउमा ३ लाख, अतिथि सत्कार को लागि ३ लाख, प्राथमिक उपचार मा ४ लाख, रेफ्रिको लागि ७ लाख, अन्य अतिथि यातायात खर्चमा ५० हजार र विविधमा एक लाख २० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको जनाइएको छ । प्रतियोगितामा भाग लिने प्रत्येक टिममा २० जना खेलाडी तथा टिम कोच र टिम म्यानेजर गरी २२ जना हुनुपर्ने आयोजकले जनाएको छ । खेलपश्चात् प्रत्येक टिमलाई म्याच अलाउन्स वापत १० हजार रुपैयाँ प्रदान गर्ने खेल संयोजक विष्टले जानकारी दिए । उनले सम्पूर्ण खेलाडीहरुको प्रतियोगिता अवधिभरको बिमा गरेर सम्बन्धित क्लवहरुले कागजात पेश गर्नुपर्ने नियम रहेको बताए ।

# बिजयोत्सव मनाउँदै बालेनका समर्थकहरू



साझाकुरा संवाददाता

काठमाडौं, १२ जेठ/ काठमाडौं महानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारी दिएका वालेन्द्र शाह (बालेन) जित नजिक छन् । उनको विजयको औपचारिक घोषणा हुनमात्र बाँकी छ । महानगरमा प्रभावशाली मानिएका सत्ता गठबन्धन र एमालेका उम्मेदवार क्रमश: सिर्जना सिंह र केशव स्थापितलाई फराकिलो मतान्तरले पछि पार्दै बालेन मेयर बन्ने पक्कापक्की छ ।

बालेनलाई कुनै राजनीतिक दलको समर्थन नभए पनि ठूलो संख्यामा युवाहरूले भने उनलाई साथ दिएको देखिएको छ । मतगणना भएको स्थान राष्ट्रिय सभागृह अगाडि केही दिनदेखि नै उनीहरूले बालेनको विजय उत्सव मनाउन थालेका छन् । बालेनका समर्थकहरूले यतिबेला उनको समर्थनमा नाराबाजी गर्दै नाचगानसमेत गरेका छन् । उनको पक्षमा नारा लेखिएका टिसर्ट पहिरिएर समर्थकहरू नाचगान र उत्सवमा सहभागी भएका छन् ।

# आजदेखि महालक्ष्मी कर्पोरेट क्रिकेट लिग




साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ महालक्ष्मी विकास बैंक लिमिटेडको आयोजनामा आज शुक्रबारदेखि 'महालक्ष्मी कर्पोरेट क्रिकेट लिग' आयोजना हुने भएको छ ।

बैंकले जेठ महिनालाई वार्षिकोत्सव महिनाको रुपमा मनाउन लागेकोले २८ औं वार्षिकोत्सवको अवसर पारेर क्रिकेट लिग आयोजना हुँदैछ । आज जेठ १३ देखि १५ गते तिन दिनसम्म इमाडोलस्थित बलपार्क इन्डोर क्रिकेटमा हुने प्रतियोगितामा विभिन्न बैंक तथा वित्तीय संस्थाका १६ टोलीले सहभागिता जनाउँदै छन् । आयोजक महालक्ष्मी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले प्रतियोगिताको ट्रफी र आयोजक समितिका संयोजक तथा बैंकका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत दिपेश लम्सालले जर्सी सार्वजनिक गरेका छन् ।

क्रिकेट लिगका प्राविधिक निर्देशक रविन्द्र गुप्ताले लिगका नियमहरुका बारेमा प्रकाश पारेका थिए । बैंकका प्रमुख कार्यकारी अधिकृत देवकोटाले यस क्रिकेट लिगले बैंक तथा वित्तीय संस्थाहरु बिच भाइचारा, आत्मियता, सद्भाव, मित्रता बढाउन थप सहयोग पुग्ने बताए । लिग कम नक आउटमा हुने प्रतियोगितामा कुल ३२ वटा खेल खेलिने छ । सहभागी १६ टोलीलाई ४ वटा समुहमा विभाजन गरिएको छ र जसबाट समुहको उत्कृष्ट हुने दुई समुह क्वार्टरफाइनल प्रवेश गर्नेछन् । खेल १० ओभर प्रति इनिंगसको हुनेछ ।

प्रतियोगितामा सिटिजन्स बैंक, माछापुच्छे बैंक, गरिमा विकास बैंक, महालक्ष्मी विकास बैंक, हिमालयन बैंक, मुक्तिनाथ विकास बैंक, आईसीएफसी फाइनान्स, मेगा बैंक, ज्योति विकास बैंक, प्राइम बैंक, सानिमा बैंक, कुमारी बैंक, कामना सेवा विकास बैंक, सनराइज बैंक, लुम्बिनी विकास बैंक र सांग्रिला विकास बैंकको सहभागिता रहेको छ ।

# आज प्रदेशसभा बैठक बस्दै

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ आजदेखि बागमती प्रदेशसभाको बजेट अधिवेशन सुरु हुने भएको छ । गत ९ चैतमा हिउँद अधिवेशन अन्त्य गरेपछि आज प्रदेशसभा बैठक बस्दैछ ।

प्रमुख प्रतिपक्षी दल एमालेको निरन्तर अवरोधका कारण ११ कार्तिकमा बनेको गठबन्धन सरकारले नियमित प्रदेशसभा बैठक सञ्चालन गर्न सकेको थिएन । अवरोधकै बीच हिउँदे अधिवेशनपनि अन्त्य गरिएको थियो । प्रदेशसभाको दशौं अधिवेशनको पहिलो बैठकमा ५ वटा अध्यादेश पेश हुने भएका छन् । गठबन्धन सरकारले प्रदेशसभाको चालू अधिवेशन अन्त्य गर्दै सदन छलेर ल्याएका अध्यादेशहरु संदनमा पेश गर्ने तयारी गरेको हो ।

प्रदेशसभामा आन्तरिक मामिला तथा कानून मन्त्री कृष्णप्रसाद खनालले विभुषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश पेश गर्दैछन् । स्वास्थ्य मन्त्री निमा लामाले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश सभामा पेश गर्ने भएका छन् ।

उक्त संशोधन गर्न बनेको अध्यादेशमाथि प्रतिपक्षी एमालेले विरोध जनाउँदै आएको छ । युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकालले प्रदेश युवा परिषद् ऐन २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश पेश गर्ने भएका छन् । प्रदेश निजामती सेवा अध्यादेश २०७८ र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७८ पनि संसदमा पेश हुने भएको छ ।


## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)


# महिला उद्यमी दुई दिने अवलोकन भ्रमणमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ महिला उद्यमी व्यवसायी संघ मकवानपुरका पदाधिकारीहरु दुई दिने अध्ययन अवलोकन भ्रमणको लागि काठमाडौं गएका छन् ।

संस्था संचालनको अनुभव र कार्यशैलीको आदानप्रदान गर्ने उद्देश्यले भ्रमणमा गएको संघले जनाएको छ । संघले बिहिबार नेपाल उद्योग बाणिज्य महासंघको पदाधिकारीहरुसँग महिला उद्यमीको विषयमा छलफल गर्ने गरेको छ । यस्तै, बिहिबार नै ललितपुर उद्योग वाणिज्य संघ र भक्तपुर उद्योग वाणिज्य संघका पदाधिकारीहरुसँग छलफल गरेको छ भने आज शुक्रबार नेपाल चेम्बर्स अफ कमर्शका पदाधिकारीहरुसँग छलफल गरेर हेटौंडा फर्किने अध्यक्ष शुशिला पाण्डे मानान्धरले जानकारी दिइन् । भ्रमणमा मकवानपुर महिला उद्यमी व्यवसायी संघका १५ जना महिला उद्यमीहरु सहभागी छन् ।

# पशुपतिनाथ माविमा पढाई महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकास्थित पशुपतिनाथ माविमा बिहीबार पढाई महोत्सव आयोजना गरिएको छ । बालबालिकालाई अध्ययनमा रुचि बढाउनका लागि पढाई महोत्सव आयोजना गरिएको हो ।

विद्यालयमा आयोजित एक कार्यक्रमकाबीच बालबालिकालाई चित्र बनाउने, सजावट गर्ने र उनीहरुलाई मनपर्ने किताव छानेर पढ्न दिइएको थियो । विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधब गौतम, मनहरी-४ का निबर्तमान वडाध्यक्ष ध्रब खड्का, विद्यालयका प्रधानाध्यापक भानभक्त आचार्यलगायत शिक्षकहरुको सहभागिता रहेको थियो । विकासका लागि सहयोग र सहकार्य नेपाल (हेल्पकोड) ले आयोजना गरेको कार्यक्रममा बालबालिकाको रुचिका किताबहरु संग्रहित गरिएको थियो । बालबालिकाले आफैंले कोरेको चित्र सजावट गरेका थिए ।

# बाजुराको बुढीगंगा नगरपालिकामा पुन: मतदान हुने

साझाकुरा संवाददाता

काठमाडौं, १२ जेठ/ बाजुराको बुढीगंगा नगरपालिकामा पुन: मतदान हुने भएको छ । निर्वाचन आयोगले विहीबार एक विज्ञप्ति जारी गरी बुढीगंगा नगर पालिकामा पुन: मतदान गर्ने जानकारी गराएको हो ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार मतदान गर्ने मिति र समय यथाशीघ्र तोकिनेछ । यसअघि ३० वैशाखमा भएको मतदानमा बुथ कब्जा भएको विषयमा दलहरुबीच विवाद भएपछि मतदान रोकिएको थियो ।

बिहीबार बसेको आयोगको बैठकले बाजुराका प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौड्याल, बाजुराका प्रहरी प्रमुख डीएसपी चतुर्भुज ओझा, सशस्त्र प्रहरी बलका एसपी दीपक विष्टले सुरक्षा व्यवस्थामा गम्भीर लापरवाही गरी निर्वाचनको स्वच्छता, स्वतन्त्रता तथा निष्पक्षतामा आँच आउने काम गरेकाले उनीहरुलाई तीन दिनभित्र हटाउन गृह मन्त्रालयलाई लेखी पठाउने निर्णय पनि गरेको छ ।

त्यस्तै, बाजुरामा जिम्मोर कर्मचारी खटाई निर्वाचनको प्रक्रिया अघि बढाउन उपयुक्त वातावरण तयार गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ । *(अनलाइनखबरबाट)*

# स्वास्थ्य चौकीद्वारा जनप्रतिनिधिको स्वागत



साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ हेटौंडा-६ नम्बर वडामा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई स्वागत तथा सम्मान गर्ने क्रम संघसंस्थाबाट जारी रहेको छ ।

स्वागत तथा सम्मान व्यक्त गर्दै जनप्रतिनिधिबाट विभिन्न संघसंस्थाहरुले आफ्नो संस्थाको हितमा कार्यक्रम ल्याउन आग्रहसमेत गरेका छन । हेटौंडा-६ चौघडामा रहेको हेटौंडा हेल्थ पोष्टले बिहीवार हेटौडा-६ नम्बर वडाबाट निर्वाचित वडा अध्यक्ष र वडा सदस्यहरुलाई बधाई तथा शुभकामना कार्यक्रमको आयोजना गरेर स्वागत तथा सम्मान गरेको हो । कार्यक्रममा हेटौडा-६ का नवनिर्वाचित वडा अध्यक्ष विष्णुबहादुर दाहाल र वडा सदस्य विजय पौडेललाई स्वागत गरिएको थियो । कार्यक्रममा हेटौडा-६ का निवर्तमान वडा अध्यक्ष अर्जुनप्रसाद चौलागाईलाई विदाई गरिएको छ ।

कार्यक्रममा स्वास्थ्य चौकीका ईन्चार्ज टिएन ढुंगेलले स्वास्थ्य चौकीले गरिरहेका स्वास्थ्य सम्बन्धी गतिविधिहरुको बारेमा जानकारी गराएका छन् । कार्यक्रममा रक्षादेवी टोल विकास संस्थाका सचिव राजकुमार फुयाँल, सञ्चारकर्मी भीमसेन पौडेल, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य चौकीका कर्मचारीलगायतको उपस्थिति थियो । ६ नम्बर वडाका वडा सदस्य लेखराज ढकाल, महिला सदस्य सरिता सापकोटा र दलित महिला सदस्य मुना विश्वकर्मा व्यवस्ताका कारणले कार्यक्रममा उपस्थित हुन सकेका थिएनन् ।

# आइतबार पनि राहदानी विभाग खुल्ने



काठमाडौं/ अब सार्वजनिक बिदाको दिन आइतबार पनि राहदानी विभाग खुल्ला रहने भएको छ । विद्युतीय राहदानी सहजरुपमा उपलब्ध गराउनका लागि बिदाको दिन विभाग खुल्ने भएको हो ।

राहदानी विभागबाट जारी सूचनाअनुसार विभागमा सेवाग्राहीको चाप उल्लेखनीयरुपमा बढिरहेकोले सार्वजनिक बिदाको दिनमा समेत राहदानी सेवा प्रदान गरी सेवाग्राहीहरुलाई सहज र सरल तवरले राहदानी उपलब्ध गराउन थालिएको हो ।

आगामी जेठ १५ गते आइतबारदेखि अर्को व्यवस्था नभएसम्म प्रत्येक हप्ताको आइतबार बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म विभाग खुल्ने छ ।

राहदानीको लागि आवेदन दिई सम्बन्धित दिनको मिति र समय बुकिङ गर्ने सेवाग्राहीहरुलाई उक्त समयमा विभागले राहदानी सम्बन्धी सेवा प्रदान गर्न गरिरहेको समेत बताएको छ ।


## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

**Printer Shop**
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना